# माप्य दुधकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खास्ताप, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

सूचना नं : १२/२०८२/८३

## करारमा पदपूर्ती गर्ने सम्बन्धी सूचना।

**(प्रथम पटक प्रकाशित मिति : २०८२/१०/०४)**

माप्य दुधकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालय तथा स्वास्थ्य संस्थामा देहाय बमोजिमका पद रिक्त रहेकाले सो पदहरु खुल्ला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र माग भए बमोजिमका विवरण र राजश्व बुझाएको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | विज्ञापन नं. | सेवा/समूह | पद | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०२/२०८२/८३ | स्थानीय विविध | सूचना प्रविधि अधिकृत | अधिकृतस्तर सातौं | १ जना | |
| २ | ०३/२०८२/८३ | स्थानीय स्वास्थ्य/डेण्टष्ट्री/ जनरल डेण्टल | डेन्टल हाईजिनिष्ट | साहायकस्तर पाँचौ | १ जना | |
| ३ | ०४/२०८२/८३ | स्थानीय स्वास्थ्य/जनरल नर्सिङ | स्टाप नर्स | सहायकस्तर पाँचौ | १ जना | |
| ४ | ०५/२०८२/८३ | स्थानीय स्वास्थ्य/ हे.ई. | अ.हे.व. | सहायकस्तर चौथो | ३ जना | |
| ५ | ०६/२०८२/८३ | स्थानीय स्वास्थ्य/क.न/प.हे.न | अ.न.मी | सहायकस्तर चौथो | ३ जना | |
| ६ | ०७/२०८२/८३ | स्थानीय प्रशासन/ | कार्यालय सहयोगी | श्रेणी विहिन | २ जना | |

१. **छनौटको किसिम :-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा र अन्तरवार्ता।

२. **परिक्षा कार्यक्रम :-** पछि प्रकाशन गरिने छ।

३. **परिक्षा केन्द्र :** माप्य दुधकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, खास्ताप

४. **दरखास्तको माध्यम :-** विज्ञापित सबै पदहरुको लागि गाउँ कार्यपालिकाको कार्यालयमा उपस्थित भएर वा इमेल ito.mapyadudhkoshimun@gmail.com मार्फत दरखास्त पेश गर्न सकिने छ।

५. **दरखास्त दिने अन्तिम मिति :-** सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन।

६. **उम्मेदवारको उमेर हद :-** अधिकृतस्तर सातौ र कार्यालय सहयोगीको हकम दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको साथै महिला वा अपाङ्गताको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ र स्वास्थ्य सेवाको पदमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

७. **दरखास्त दस्तुर :-** अधिकृतस्तरको लागि रु १२००।- ,सहायक स्तर पाँचौ/ चौथो तहको पदका लागि रु ७००।- र कार्यालय सहयोगी पदका लागि रु ५००।– बुझाउनु पर्नेछ।

८. **दरखास्त दस्तुर बुझाउने विधि र स्थान :-** गाउँ कार्यापालिकाको कार्यालयमा नगदी रसिद मार्फत राजश्व बुझाउन सकिनेछ।

९. **पेश गर्नुपर्ने कागजातहरु :-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपि पेश गर्नुपर्ने छ।

क) नागरिकताको प्रतिलिपि
ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि
ग) चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
घ) दर्ता पत्र र तालिमको प्रमाण पत्रको प्रतिलिपि (आवश्यक पर्नेको हकमा)
ङ) कामसँग सम्बन्धित अनुभव भए सो को कागजात
च) २ प्रति पासपोर्ट साईजको फोटो

सूचना नं : १२/२०८२/८३

१०. **पदमा रही गर्नुपर्ने कामको विवरण :-** प्रचलित कानुनले तोके बमोजिम

११. **सेवा, शर्त र सुविधा :-** प्रचलित कानुन बमोजिम/ करार सम्झौता बमोजिम

१२. **कार्य क्षेत्र :** माप्य दुधकोशी गाउँपालिकाको कार्यालय/मातहतका कार्यालय र स्वास्थ्य संस्था

१३. **आवश्यक न्यूनतम योग्यता र अनुभव :-**

क. ***सूचना प्रविधि अधिकृत*** पदको लागि लोक सेवा आयोगले लिने "कम्प्युटर अधिकृत" पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट B.E in Computer Engineering वा Information Technology वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc.IT, BSc.CSIT, B.E in Electronics and Communication Engineering, BTech Electronics and Communication Engineering) तह वा सो सरह उत्तीर्ण गरेको ।

ख. ***डेण्टल हाईजिनिष्ट*** पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट डेण्टल हाईजिनिष्टमा प्रमाणपत्र तह वा सो सरह उत्रीण गरी सम्बन्धित व्यवसायी परिषदमा नाम दर्ता भएको ।

ग. ***स्टाप नर्स*** पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी नेपाल नर्सिङ परिषदमा नाम दर्ता भएको ।

घ. ***अ.हे.व.*** पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. कोर्ष वा सो सरह उत्तीर्ण गरी सम्बन्धित व्यवसायी परिषदमा नाम दर्ता भएको ।

ङ. ***अ.न.मी.*** पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी कोर्ष उत्रीण गरी १८ महिने कोर्ष वा सो सरह उत्तीर्ण गरी नेपाल नर्सिङ परिषदमा नाम दर्ता भएको ।

च. ***कार्यालय सहयोगी*** पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा SEE वा सो सरह उत्तीर्ण गरेको र ३ महिने कम्प्युटर तालिम लिएको ।

**दृष्टव्य :**

- उल्लेखित पदहरुमा अनुभव भएका र अ.न.मी पदका लागि SBA तालिम लिएकालाई प्राथमिकता दिईनेछ ।
- पाठ्यक्रम सूचना प्रविधि अधिकृतको लोक सेवा आयोग र अन्य पदहरुको कोशी प्रदेश लोक सेवा आयोगको अनुसार हुनेछ । दरखास्त आवेदनको ढाँचा लगायत पदपूर्ती सम्बन्धी अन्य जानकारी यस कार्यालयको प्रशासन शाखा र स्वास्थ्य शाखाबाट प्राप्त गर्न सकिने छ ।

गजेन्द्र भट्टराई
नि.प्रमुख प्रशासकीय अधिकृत